# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५ ] काठमाडौं, भाद्र २ गते २०३२ साल [ अतिरिक्ताङ्क २५


श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३२ सालको ऐन नं. ५

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## छापाखाना र प्रकाशनसम्बन्धी नेपाल कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावना:- नेपालको सुरक्षा, शान्ति र व्यवस्था, विभिन्न वर्ग वा क्षेत्रको जनताका बीच सुसम्बन्ध र सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न छापाखाना र प्रकाशन सम्बन्धमा समयानुकूल बढी स्पष्ट र प्रभावकारी रूपमा व्यवस्था र नियन्त्रण गर्नको लागि छापाखाना र प्रकाशनसम्बन्धी नेपाल कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट राष्ट्रिय पंचायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ:- (१) यो ऐनको नाम "छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०३८" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषा:- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:-

(क) "छापाखाना" भन्नाले किताब, समाचारपत्र, समाचारपत्रिका वा लिखतपत्रलाई धेरै प्रतिहरू निकाल्ने साधन सम्झनु पर्दछ । यस शब्दले छाप्ने मेशीन, टाइप, लिथो गर्ने मेशीन, सबै कलहरू, ज्यावल, कार्यालय त्यसको हिस्साहरू समेतलाई जनाउँछ ।

(ख) "प्रकाशन" भन्नाले किताब, समाचारपत्र, समाचारपत्रिका र लिखतपत्रलाई समेत सम्झनु पर्दछ ।

(ग) "किताब" भन्नाले जुनसुकै भाषामा समग्र वा खण्ड खण्ड रूपमा छापिएको वा यन्त्रद्वारा निकालिएको वा लिथो भएको प्रत्येक पुस्तकपुस्तिका, पर्चा, विवरणपत्र, स्वरलिपि, नक्शा, मानचित्र इत्यादिलाई जनाउँछ ।

(घ) "लिखतपत्र" भन्नाले पोष्टर, चित्र, नक्शा, फोटो वा अरू कुनै प्रत्यक्ष चित्रणलाई जनाउँछ ।

(ङ) "समाचारपत्र" भन्नाले सम्पूर्ण वा अधिक अंशमा सरकार, राजनीति, सार्वजनिक कार्य तथा अन्य प्रचलित विषयको क्षेत्रमा टिप्पणी भएको वा नभएको वर्तमान घटनाहरूको लिखित समाचारको प्राथमिक सूत्रको काम दिने सार्वजनिक रूपमा वितरण वा बिक्री हुने पत्र सम्झनु पर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) "समाचारपत्रिका" भन्नाले सार्वजनिक खबर वा त्यसको टिप्पणी भएको तर समाचारपत्रमा नगनिने समाचारसम्बन्धी कागजपत्र सम्झनु पर्दछ ।

(छ) "अनधिकृत प्रकाशन" भन्नाले प्रचलित नेपाल कानून बमोजिम प्रकाशनको प्रमाणपत्र पाई नसक्दै वा पाएको प्रमाणपत्र रद्द भएको अवस्थामा वा मनाही गरिएको अवधिमा प्रकाशित गरेको प्रकाशन वा जफत हुने आदेश भएको प्रकाशनहरू सम्झनु पर्दछ ।

(ज) "अनधिकृत छापाखाना" भन्नाले प्रचलित नेपाल कानून बमोजिम छापाखानाको प्रमाणपत्र पाई नसकेको वा पाएको प्रमाणपत्र रद्द भएको वा छाप्न मनाही भएको वा जफत हुने आदेश भएको छापाखाना सम्झनु पर्दछ।

(झ) "स्थानीय पदाधिकारी" भन्नाले श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकी दिएको कुनै पदाधिकारी र त्यसरी नतोकिएकोमा अंचलाधीश सम्झनु पर्दछ ।

(ञ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गतको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

३. छापाखाना राख्नेलाई लाग्ने धरौटः- (१) छापाखाना चालू गर्न छापाखाना र प्रकाशन रजिष्ट्रेशन ऐन, २०१९ बमोजिम छापाखानाधनीले कागज गरी सकेपछि त्यस्ता छापाखानाधनीबाट धरौट लिनु पर्ने आवश्यकता देखेमा स्थानीय पदाधिकारीले धरौट लिनु पर्ने कारण समेत लेखी राखी निजबाट बढीमा पाँच हजार रूपैयाँसम्म धरौट दाखिल गर्न लगाउन सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम धरौट राख्न लगाउने निर्णय गरेमा स्थानीय पदाधिकारीले त्यस्तो धरौटको अंक तोकी आदेश दिएका मितिले पन्ध्र दिनभित्र तोकिएको कार्यालयमा धरौट दाखिल गर्नु भनी छापाखानाधनीलाई आदेश दिनेछ ।

(३) उप-दफा (२) बमोजिमको म्यादभित्र धरौट दाखिल गर्न मागिएकोमा सो बमोजिम धरौट दाखिल नभएसम्म छापाखानाधनीलाई कुनै किसिमको प्रकाशन छाप्न मनाही गरी स्थानीय पदाधिकारीले आदेश दिन सक्नेछ ।

४. प्रकाशकलाई लाग्ने धरौटः- (१) छापाखाना र प्रकाशन रजिष्ट्रेशन ऐन, २०१९ बमोजिम कुनै प्रकाशकले कागज गरी सकेपछि त्यस्ता प्रकाशकबाट धरौट लिनु पर्ने आवश्यकता देखेमा स्थानीय पदाधिकारीले सो लिनु पर्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

कारण समेत लेखी राखी निजबाट बढीमा पाँच हजार रूपैयाँसम्म धरौट माग्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम धरौट राख्न लगाउने निर्णय गरेमा स्थानीय पदाधिकारीले त्यस्तो धरौटको अंक तोकी आदेश दिएका मितिले पन्ध्र दिनभित्र तोकिएको कार्यालयमा धरौट दाखिला गर्नु भनी प्रकाशकलाई आदेश दिनेछ ।

(३) उप-दफा (२) बमोजिमको म्यादभित्र धरौट दाखिल ग॰ मागिएकोमा सो बमोजिम धरौट दाखिल नभएसम्म प्रकाशकलाई सम्बन्धित कुनै प्रकाशन प्रकाशित गर्न मनाही गरी स्थानीय पदाधिकारीले आदेश दिन सक्नेछ ।

५. छाप्न वा प्रकाशित गर्न नहुने:- (१) देहायको उद्देश्यले वा सम्भावित-परिणाम सो हुन सक्ने गरी कसैले प्रत्यक्ष वा घुमाउरो तरीकाले देहायको कुरा वृद्धि हुने आशंकाको कुनै कुराको प्रकाशन छाप्न वा प्रकाशित गर्न हुँदैन:-

(क) ज्यान मार्ने वा ज्यानसम्बन्धी कुनै हिंसात्मक अपराध गर्न लगाउने, दुरुत्साहन दिने वा त्यस्तो अपराध गर्ने, गर्न लगाउने, प्रवृत्ति भएका अपराधी वा अपराधमा बात लागेको सक्कली वा बनावटी पात्रको प्रशंसा गर्ने,

(ख) श्री ५ को सरकारको कर्मचारीलाई निजको कर्तव्यपथ वा राजभक्तिबाट विचलित गर्ने गराउने वा त्यस्तो कामको लागि दुरुत्साहन दिने,

(ग) श्री ५ महाराजाधिराज वा राजपरिवार वा विदेशी मुलुकका निमित्त नेपाल अधिराज्यको कूटनैतिक प्रतिनिधि वा नेपाल अधिराज्यको निमित्त विदेशी मुलुकका कूटनैतिक प्रतिनिधि वा श्री ५ को सरकार वा कानून बमोजिम खडा गरिएका निकाय वा न्याय प्रशासनलाई घृणा वा निरादर गराउने वा श्री ५ महाराजाधिराज वा राजपरिवार वा श्री ५ को सरकारमा अवहेलना वा द्वेष बढाउने,

(घ) ज्यान लिने वा घाउ चोट पटक लगाउने वा अनुचित हानी पुर्‍याउने डर त्रास देखाई वा अरू कुनै किसिमको दुःख_पीर दिई टोक टण्टा लगाई कसैको सम्पत्ति अरू कसैलाई दिन कर

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लाग्ने पार्ने वा ऐनले गर्न कर नलाग्ने काम गर्न लगाउने वा ऐनले गर्न पाउने काम गर्न नदिने,

(ङ) ऐन कानूनबमोजिम गर्नु पर्ने र शान्ति तथा सुव्यवस्था कायम राख्ने काम गर्न नदिई बाधा विरोध पार्ने, कुनै अपराध गर्ने वा कर, दस्तुर, मालपोत, रोडसेश इत्यादि श्री ५ को सरकारको आय हुने रकम कलम लिनु पर्नेमा असूल उपर गर्न लाग्दा बाधा विरोध पार्न रोक्ने, आलटाल गराउने,

(च) श्री ५ को सरकारको कुनै कर्मचारीलाई निजको तोकिदिएको कामको सिलसिलामा गर्न नहुने काम गर्ने वा गर्नु पर्ने काम नगर्ने वा गरेको काममा नचाहिने ढिलाईसंग गर्न लगाउने वा सरकारी कर्तव्य वा आदेशको अवज्ञा वा राजिनामा गर्ने गरी बहकाउने,

(छ) नेपाल अधिराज्यभित्रको जनताको विभिन्न जात, जाति, वर्ण वा वर्गमा आपसी वैमनस्य वा घृणा वा निरादर पैदा गराउने,

(ज) श्री ५ को सरकारको कर्मचारीहरूको नियुक्तिको काममा वा निजहरूको तालीम, अनुशासन इत्यादिमा बाधा विरोध पार्ने,

(झ) अनधिकृतरूपले सरकारी गोप्य कुरा वा कागजात वा त्यसको कुनै अंश छापी वा प्रकाशित गरी गोप्यता भंग गर्ने,

(ञ) अश्लील भाषा वा अश्लील भाव आउने शब्दहरू वा चिन्ह वा चित्रद्वारा अश्लील कुरा अभिव्यक्त गर्ने,

(ट) सार्वजनिक जीवनमा अनैतिकता बढाउने वा व्यक्तिगत चियो चर्चा वा आक्षेपद्वारा सार्वजनिक जीवनको स्तर घटाउने,

(ठ) राष्ट्रिय हित र सुरक्षा वा सार्वजनिक हित वा श्री ५ को प्रतिष्ठा र सार्वभौमसत्ता वा दलविहीन प्रजातान्त्रिक व्यवस्थामा आंच आउने,

(ड) नेपाल अधिराज्यको असंलग्न परराष्ट्र नीतिमा खलल पार्ने, र

(ढ) नेपालको संविधानले निषेध गरेका दलगत राजनीति वा त्यस्तो भावनालाई प्रोत्साहन वा वृद्धि गर्ने वा फैलाउने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९८५

स्पष्टीकरणः- (१) माथि लेखिएबमोजिमको कुनै प्रवृत्ति नदेखिएमा कुनै ऐतिहासिक वा साहित्यिक लेखमा गरेको प्रामाणिक विवेचना वा सम्मति वा प्रशंसामा यो दफा लागू हुनेछैन ।

(२) घृणा, अपहेलना वा असन्तोषको उत्तेजना नदिई बदली गराउने उद्देश्यले मात्र कानूनी तवरबाट कुनै ऐन कानूनको खराबी देखाई छापिएको टीका टिप्पणीलाई माथिका खण्डहरूमा लेखिएबमोजिम भए गरेको मानिने छैन ।

(३) घृणा, अपहेलना वा असन्तोषको उत्तेजना रहित कानूनी तवरबाट श्री ५ को सरकारको कुनै कारवाहीको आलोचना गरेकोमा पनि माथिका खण्डहरूमा लेखिएबमोजिम भए गरेको मानिने छैन ।

(२) उप-दफा (१) ले निषेध गरेको कुनै प्रकाशन कसैले छापेको वा छाप्न लागेको वा प्रकाशित गरेको वा प्रकाशित गर्न लागेको थाहा हुन आएमा श्री ५ को सरकारले सो कुरा छापाखानाधनी र प्रकाशकलाई लिखित जनाउ दिई त्यस्तो प्रकाशनको सबै प्रति नेपाल अधिराज्यभर जहाँ फेला परे पनि जफत गर्ने आदेश दिन सक्नेछ र धरौट राखेको कलममा जम्मै धरौट वा धरौट नराखेकोमा बढीमा पाँच हजार रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

(३) यस ऐनको अन्य दफामा जुनसुकै कुरा लेखिए तापनि उप-दफा (२) बमोजिम निर्णय भएपछि छापाखाना र प्रकाशन रजिष्ट्रेशन ऐन, २०१९ बमोजिम त्यस्तो छापाखानाधनी र प्रकाशकले गरेको कागज र पाएको प्रमाणपत्र स्वतः रद्द हुनेछ ।

(४) उप-दफा (३) बमोजिम छापाखानाधनी र प्रकाशकले गरेको कागज र पाएको प्रमाणपत्र स्वतः रद्द भएपछि त्यस्तो छापाखानाधनी र प्रकाशकले फेरि छापाखाना चलाउन वा प्रकाशन प्रकाशित गर्न चाहेमा समय र अवस्था हेरी श्री ५ को सरकारले उपयुक्त ठहऱ्याई लिखित स्वीकृति दिएमा मात्र छापाखाना र प्रकाशन रजिष्ट्रेशन ऐन, २०१९ बमोजिम निजहरूले पुनः प्रमाणपत्र पाउन सक्नेछन् ।

६. मनाही गरिएको बेलामा छाप्न वा प्रकाशित गर्न नहुनेः- दफा ३ को उप-दफा (३) वा दफा ४ को उप-दफा (३) बमोजिम छाप्न वा प्रकाशित गर्न मनाही गरिएकोमा त्यस्तो आदेशको वखिलाप छापेमा वा प्रकाशित गरेमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८६

श्री ५ को सरकारले त्यस्तो छापाखानाधनी वा प्रकाशकलाई बढीमा एक हजार रुपैयाँसम्म जरिवाना वा छापाखाना र प्रकाशन रजिष्ट्रेशन ऐन, २०१९ बमोजिम छापाखानाधनी र प्रकाशकले गरेको कागज र पाएको प्रमाणपत्र बदर वा दुबै गर्न सक्नेछ ।

७. अर्को धरौट राख्नु पर्ने:– (१) छापाखाना र प्रकाशन रजिष्ट्रेशन ऐन, २०१९ बमोजिम गरेको कागज र पाएको प्रमाणपत्र यस ऐनको दफा ५ को उप–दफा (३) ले स्वत: रद्द वा दफा ६ ले बदर भै यस ऐनको दफा ५ को उप–दफा (४) र दफा २२ को उप–दफा (३) को अधीनमा रही पुन: प्रमाणपत्र पाएमा त्यस्तो छापाखानाधनी वा प्रकाशकबाट स्थानीय पदाधिकारीले बढीमा दश हजार रुपैयाँसम्म धरौट दाखिल गराउन सक्नेछ । त्यसरी धरौट दाखिल गर्ने आदेश भएको पन्ध्र दिनभित्र आदेशमा तोकिए बमोजिमको धरौट तोकिएको कार्यालयमा दाखिल गर्नु पर्दछ ।

(२) उप–दफा (१) बमोजिम धरौट दाखिल नभएसम्म छाप्ने काम गर्न वा कुनै प्रकाशन प्रकाशित गर्न नपाउने गरी स्थानीय पदाधिकारीले आदेश दिन सक्नेछ ।

८. दोश्रो पटक प्रमाणपत्र पाएकोमा:– यस ऐनमा व्यवस्था गरिए बमोजिम श्री ५ को सरकारको लिखित स्वीकृति प्राप्त गरी दोश्रो पटक छापाखाना र प्रकाशन रजिष्ट्रेशन ऐन, २०१९ बमोजिम प्रमाणपत्र पाएका छापाखानाधनी र प्रकाशकले पुन: दफा ५, ६ वा २२ को उल्लंघन गरेमा सोही दफा बमोजिम कारवाइ भई निजहरूको प्रमाणपत्र स्वत: रद्द हुनेछ र त्यसपछि निजहरूले छापाखाना र प्रकाशन रजिष्ट्रेशन ऐन, २०१९ बमोजिम प्रमाणपत्र पाउन सक्ने छैनन् ।

९. अनधिकृत छापाखाना राखेमा वा अनधिकृत प्रकाशन प्रकाशित गरेमा हुने सजाय:– (१) दफा ३ वा ४ बमोजिम धरौट बुझाउन आदेश दिएको म्याद नाघेपछि वा दफा ५,८ र २२ बमोजिम छापाखानाको धनी वा प्रकाशकले गरेको कागज वा प्रमाणपत्र स्वत: रद्द भएपछि वा दफा ६ बमोजिमको आदेश भएपछि वा दफा ७ को उप–दफा (२) बमोजिम मनाही गरेपछि त्यस्तो छापाखानाधनीले छाप्ने काम गरेमा वा प्रकाशकले मनाही भएको प्रकाशन प्रकाशित गरेमा छ महीनासम्म कैद वा छ हजार रुपैयाँसम्म जरीवाना वा दुबै सजाय हुन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९८०

(२) उप-दफा (१) उल्लंघन गरी छापेको वा प्रकाशित गरेको सबै प्रकाशन, कागजात र छापाखाना जफत हुनेछ ।

१०. रहेको धरौट फिर्ता हुनेः- कुनै व्यक्तिले यो ऐन बमोजिम धरौट राखेको छ र सो धरौट राख्न परेको छापाखाना राख्ने काम निजले छाडेपछि वा सो व्यक्ति प्रकाशक हुन छाडेपछि छापाखाना र प्रकाशन रजिष्ट्रेशन ऐन, २०१९ बमोजिम सूचना दिइसकेपछि निजले ती विषयहरूमा राखेको धरौट फिर्ता पाउँ भनी स्थानीय पदाधिकारीकहाँ दरखास्त दिन आएमा स्थानीय पदाधिकारीले सो कुरा हो होइन बुझी हो भन्ने ठहराएमा र निजबाट यस ऐनबमोजिम असूल गर्नु पर्ने जरीवाना बाँकी छैन भने जम्मै र बाँकी भए असूल गर्नु पर्ने जति कटाई बाँकी रुपैयाँ फिर्ता दिनु पर्दछ ।

११. खानतलासी गर्ने अख्तियारः- दफा ५, ९ र २२ बमोजिम कुनै छापाखाना वा प्रकाशनको प्रतिहरू जफत गर्ने श्री ५ को सरकारले निर्णय गरेपछि तल्लो दर्जामा नायब निरीक्षकसम्मको प्रहरी अधिकृत खटाई जफत गर्नु भनी श्री ५ को सरकारले स्थानीय पदाधिकारीलाई आदेश दिई त्यस्तो आदेशमा उल्लेख भएको माल वस्तु पक्राउ गर्ने, रोक्का गर्ने र त्यस्तो सामान रहेको वा रहन सक्छ भन्ने मनासिब माफिकको शंका भएको ठाउँमा पसी खानतलासी गर्ने अख्तियार दिन सक्नेछ ।

१२. अनधिकृत प्रकाशन जफत गरी नष्ट गर्ने अख्तियारः- (१) कुनै प्रहरी अधिकृत वा त्यस काममा श्री ५ को सरकारबाट अधिकार पाएको जो सुकै व्यक्तिले पनि अनधिकृत प्रकाशनलाई जहाँ फेला परे पनि जफत गर्न सक्नेछ ।

(२) कुनै ठाउँमा अनधिकृत प्रकाशन छ वा होला भन्ने मनासिब माफिकको शंका भएमा स्थानीय पदाधिकारीले तल्लो दर्जामा नायब निरीक्षकसम्मको प्रहरी अधिकृतलाई लिखित आदेशद्वारा अधिकार दिई सो ठाउँमा खानतलासी लिन पठाउन सक्नेछ र त्यसरी खटिएको अधिकृतले पनि त्यस्तो ठाउँमा पाइएको प्रकाशनहरू अनधिकृत प्रकाशन हो भन्ने लागेमा जफत गर्न सक्नेछ ।

(३) सो अधिकृतले पनि उप-दफा (१) र (२) बमोजिम जफत भई आएका सबै कागजपत्रहरू यथाशीघ्र आदेश जारी गर्ने पदाधिकारीकहाँ दाखिल गर्नु पर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) स्थानीय पदाधिकारीले सो कागजपत्रमध्ये कुनै अनधिकृत प्रकाशन ठहराएमा सो कागजपत्रलाई नष्ट गर्न सक्नेछ। अनधिकृत प्रकाशन नठहराएमा सो कागजपत्र जसको हो उसैलाई फिर्ता दिइनेछ। मालधनी पत्ता नलागेमा सो कागजपत्रको फाँट खोली सर्वसाधारणको जानकारीको लागि सूचना प्रकाशित गरिनेछ।

१३. अनधिकृत प्रकाशन छाप्ने अनधिकृत छापाखाना जफत गर्नेः– (१) आपना इलाकाभित्र अनधिकृत छापाखानाबाट अनधिकृत प्रकाशन छापिएको वा प्रकाशित भएको छ भन्ने पत्यार पर्ने कारण भएमा स्थानीय पदाधिकारीले लिखित आदेश दिई तल्लो दर्जामा नायब निरीक्षक–सम्मको प्रहरी अधिकृतलाई खटाई निजलाई छापाखाना छ वा होला भन्ने मनासिब माफिकको शंका भएका ठाउंमा पस्न र सो ठाउंको खानतलासी लिन अधिकार दिन सक्नेछ। यस्तो ठाउंमा भएको छापाखाना अनधिकृत हो र सो छापाखानाले अनधिकृत प्रकाशन छाप्ने गरेको छ भन्ने कुरा खटिई जाने प्रहरी अधिकृतलाई लागेमा त्यस्तो ठाउंमा पाइएको छापाखाना र लिखतपत्र कब्जामा लिन सक्नेछ।

(२) सो प्रहरी अधिकृतले पनि आदेश जारी गर्ने स्थानीय पदाधिकारीकहां खानतलासीको प्रतिवेदन दिनु पर्छ र कब्जा गरेको सबै माल यथाशीघ्र निजकहां दाखिल गर्नु पर्दछ। निजले यसरी कब्जा गरेको छापाखाना जम्मै सजिलैसँग ल्याउन नसके छापाखाना आपनो कब्जामा रोक्का राखी सो छापाखानाको ल्याउन सकिने वा मुख्य भाग मात्र भए पनि स्थानीय पदाधिकारीकहां दाखिल गर्नु पर्दछ।

(३) स्थानीय पदाधिकारीले जांचबूझ गरी कब्जा भएको छापाखाना अनधिकृत प्रकाशन छाप्ने छापाखाना हो भन्ने ठहराएमा निजले लिखित आदेशद्वारा सो छापाखाना जफत गर्नेछ। अनधिकृत छापाखाना भन्ने नठहरिएमा छापाखाना जसको हो उसैलाई फिर्ता गरिनेछ। मालधनी चिनिएन भने मालको फांट खोली सर्वसाधारणको जानकारीको लागि सूचना प्रकाशित गरिनेछ।

१४. प्रकाशन जफत गर्ने र खानतलासी गर्नेः– जुनसुकै ठाउंमा छापिएको वा प्रकाशित भएको भए पनि कुनै प्रकाशनमा दफा ५ को उप–दफा (१) र दफा २२ को उप–दफा (१) मा निषेध गरिएको कुरा देखिएमा श्री ५ को सरकारले त्यस्तो प्रकाशनहरू नेपाल अधिराज्यभित्र जहां

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फेला परे पनि जफत गर्नु भनी आदेश दिई तल्लो दर्जामा नायब निरीक्षकसम्मको प्रहरी अधिकृतलाई यस्ता प्रकाशनहरू छ वा हुन सक्छ भन्ने मनासिब माफिकको शंका लागेको ठाउंमा पस्न र खानतलाशी गर्नलाई समेत अधिकार दिन सक्नेछ ।

१५. अनधिकृत वा निषेध गरिएको प्रकाशन निकासी पैठारी गर्न नहुने:- (१) कसैले अनधिकृत प्रकाशन र दफा ५ को उप-दफा (१) र दफा २२ को उप-दफा (१) ले निषेध गरेको कुरा उल्लेख भएको प्रकाशनहरू निकासी वा पैठारी गर्नु हुंदैन ।

(२) उप-दफा (१) बमोजिमको प्रकाशनहरू निकासी वा पैठारी हुन लागेको शंका लागेमा भन्सार वा हुलाकको हाकिमले पुलिन्दा हुलाक वस्तु समेत रोकी खोली शंका लागेको प्रकाशनको केही प्रतिहरू स्थानीय पदाधिकारीकहां चलानी साथ पठाई अरू आफूकहां रोकी राख्नु पर्दछ ।

१६. अनधिकृत प्रकाशन बुझाउने:- गैर-कानूनी तवरबाट प्रकाशित भएको प्रकाशन वा अनधिकृत प्रकाशन नेपाल राजपत्रमा सूचना प्रकाशित भएको पैंतीस दिनभित्र त्यस्तो प्रकाशन साथमा हुने जुनसुकै व्यक्तिले पनि स्थानीय पदाधिकारीकहां बुझाउनु पर्दछ । नबुझाएमा स्थानीय पदाधिकारीको तजबीजले निजलाई बढीमा एक हजार रूपैयांसम्म जरीवाना वा तीन महीनासम्म कैद वा दुबै सजाय हुन सक्नेछ ।

१७. गैर-कानूनी वा अनधिकृत वा निषेध गरिएको प्रकाशन ल्याउने र पठाउनेलाई सजाय:- जल, थल वा हवाईमार्गबाट जानी जानी गैर कानूनी वा अनधिकृत वा निषेध गरिएको प्रकाशनहरू ल्याउने, लैजाने पठाउने वा झिकाउने व्यक्तिलाई स्थानीय पदाधिकारीको तजबीजले बढीमा तीन हजार रूपैयांसम्म जरीवाना वा छ महीनासम्म कैद वा दुबै सजाय हुन सक्नेछ ।

१८. गैर-कानूनी वा अनधिकृत वा निषेध गरिएको प्रकाशन जानी जानी बिक्री वितरण, प्रकाशित, प्रदर्शन गर्नेलाई सजाय:- कसैले गैर-कानूनी वा अनधिकृत वा निषेध गरिएको प्रकाशन जानी जानी बेचेमा, वितरण गरेमा, प्रकाशित गरेमा वा प्रदर्शन गरेमा निजलाई स्थानीय पदाधिकारीको तजबीजले बढीमा पांच हजार रूपैयांसम्म जरीवाना वा नौ महीनासम्म कैद वा दुबै सजाय हुन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९. छापाखानाधनीलाई थाहा नदिई गैर-कानूनी प्रकाशन प्रकाशित गरेमाः- कसैले छापाखानाधनी वा छापाखानाको मेनेजरलाई थाहा नदिई कुनै गैर-कानूनी प्रकाशन प्रकाशित गरेको ठहर्न आएमा सो गैर-कानूनी प्रकाशन प्रकाशित गर्ने प्रकाशक, मुद्रक वा संपादक जसको काम हो, निजलाई पटकै पिच्छे स्थानीय पदाधिकारीको तजबीजले बढीमा तीन हजार रूपैयांसम्म जरीवाना वा छ महीनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ।

२०. आदेश तामेल गर्नेः- प्रचलित नेपाल कानूनमा जूनसुकै लेखिएको भए तापनि यो ऐन अनुसार दिइएको आदेश बमोजिमको सूचना सम्बन्धित व्यक्तिका नाउंमा श्री ५ को सरकार वा स्थानीय पदाधिकारी वा एक स्थानीय पदाधिकारीको इलाकाबाट अर्को स्थानीय पदाधिकारीको इलाकामा तामेल गर्दा श्री ५ को सरकार वा स्थानीय पदाधिकारीले उपयुक्त ठहऱ्याएको तरीका अपनाई लिखित सूचना तामेल गर्नु पर्दछ। सो बमोजिम तामेल हुन सकेन भने तामेल गर्न जाने अधिकृतले छापाखाना-धनीको हकमा निजले छापाखाना र प्रकाशन रजिष्ट्रेशन ऐन, २०१६ बमोजिम दिएको विवरणमा उल्लेख भए बमोजिम छापाखाना रहेको ठाउंको सबैले देख्ने प्रमुख भागमा र प्रकाशकको हकमा सोही ऐन मुताबिक निजले दिएको विवरणमा जुन ठाउंबाट सो प्रकाशन प्रकाशित हुने भनी लेखी दिएको छ सो ठाउंको सबैले देख्न सक्ने प्रमुख भागमा टांसिएको सूचना कानून बमोजिम तामेल भएको मानिनेछ।

२१. पुनरावेदनः- (१) यो ऐनको देहायको दफा अन्तर्गत भएको आदेशमा चित्त नबुझ्ने सम्बन्धित व्यक्तिले पैंतीस दिनभित्र देहाय बमोजिम पुनरावेदन दिन सक्नेछः-

(क) दफा ५ को उप-दफा (२), दफा ६, दफा १२ र दफा १३ अन्तर्गत भएको आदेश उपर श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गठन गरेको छापाखाना र प्रकाशन न्यायाधिकरणमा।

सो न्यायाधिकरणले विशेष अदालत ऐन, २०३१ बमोजिमको कार्यविधि अपनाउनेछ।

(ख) दफा १६, दफा १७, दफा १८ र दफा १९ अन्तर्गत भएको आदेश उपर सर्वोच्च अदालतको स्पेशल बेञ्चमा।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) बमोजिम पुनरावेदन गर्न पाउने बाहेक यस ऐन बमोजिमका अन्य दफा अन्तर्गत भएका आदेश वा निर्णय उपर कुनै अदालतमा पुनरावेदन वा उजूर लाग्ने छैन।

२२. छाप्न वा प्रकाशित गर्न रोक्न सकिने:- (१) देहायको उद्देश्यले वा सम्भावित परिणाम सो हुन सक्ने गरी कुनै छापाखाना वा प्रकाशकले प्रत्यक्ष वा घुमाउरो तरीकाले देहायका कुराहरू प्रोत्साहन वा वृद्धि हुने आशंकाको कुनै कुरा छाप्न वा प्रकाशन प्रकाशित गर्न वा त्यस्तो क्रियाकलापमा लाग्न हुंदैन। कुनै छापाखाना वा प्रकाशक वा प्रकाशनले त्यस्तो कार्य गरेको छ वा त्यस्तो उद्योग वा क्रियाकलापमा लागेको छ भन्ने कुरा श्री ५ को सरकारलाई लागेमा जुनसुकै बखत श्री ५ को सरकारले त्यस्तो छापाखाना र प्रकाशनलाई तुरुन्त रोक लगाउन आदेश दिन सक्नेछ:-

(क) राष्ट्रिय हित र सुरक्षा वा सार्वजनिक हित वा शान्ति र व्यवस्था वा श्री ५ को सार्वभौमसत्ता वा दलविहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्थामा आंच आउने,

(ख) नेपाल अधिराज्यको असंलग्न परराष्ट्र नीतिमा खलल पार्ने,

(ग) नेपालको संविधानले निषेध गरेका दलगत राजनीति वा त्यस्तो वादको भावनालाई प्रोत्साहन वा वृद्धि गर्ने वा फैलाउने।

(२) उप-दफा (१) बमोजिम कारवाई भएको कुनै प्रकाशनहरू जफत भै छापाखाना र प्रकाशन रजिष्ट्रेशन ऐन, २०१९ बमोजिम त्यस्तो छापाखानाधनी र प्रकाशकले गरेको कागज तथा पाएको प्रमाणपत्र स्वत: रद्द भएको मानिनेछ।

(३) त्यस्तो छापाखानाधनी र प्रकाशकले पुन: छापाखाना र प्रकाशन चालू गर्न चाहेमा श्री ५ को सरकारले समय र अवस्था हेरी लिखित स्वीकृति दिएमा बाहेक छापाखाना र प्रकाशन रजिष्ट्रेशन ऐन, २०१९ बमोजिम पुन: प्रमाणपत्र पाउन सक्ने छैन।

२३. छापाखाना चलाउन वा प्रकाशन प्रकाशित गर्न नहुने:- (१) श्री ५ को सरकारको स्वीकृति वेगर विदेशी सरकार, संघ, संस्था वा नागरिक वा अन्तर्राष्ट्रिय संघ संस्थानबाट कुनै प्रकारको सहायता लिई छापाखाना चलाउन वा प्रकाशन प्रकाशित गर्न हुंदैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) उल्लंघन गरेमा छापाखाना र प्रकाशन रजिष्ट्रेशन ऐन, २०१९ बमोजिम गरेको कागज र पाएको प्रमाणपत्र रद्द गरी त्यस्तो छापाखानाको धनी र प्रकाशकलाई बढीमा छ हजार रूपैयाँसम्म जरीवाना वा छ महीनासम्म कैद वा दुवै सजाय स्थानीय पदाधिकारीले गर्न सक्नेछ ।

२४. प्रकाशन दाखिल गर्नु पर्ने:- (१) यस ऐन बमोजिम गठित समिति वा समितिहरूमा छापाखानाधनी र प्रकाशकले कुनै पनि प्रकाशन छापी प्रकाशित गर्नुअघि विनामूल्य सो समिति वा समितिहरूलाई बुझाउनु पर्नेछ।

(२) उप-दफा (१) बमोजिम दाखिल गरेको प्रकाशन सो समिति वा समितिहरूका सदस्यले यस ऐनको दफा ५,२२ र प्रेस काउन्सीलले समय समयमा जारी गरेको छापाखाना र प्रकाशन आचार संहिता विपरीत छ छैन जाँची सो उल्लंघन हुने कुनै कुरा छापिएको लागेमा त्यस्तो प्रकाशन प्रकाशित गर्न रोक लगाउन सक्नेछ।

(३) उप-दफा (१) र (२) उल्लंघन गर्ने छापाखानाधनी र प्रकाशकलाई स्थानीय पदाधिकारीले छापाखाना र प्रकाशन रजिष्ट्रेशन ऐन, २०१९ बमोजिम निजहरूले गरेको कागज र पाएको प्रमाणपत्र रद्द गर्न सक्नेछ र त्यसका अतिरिक्त बढीमा छ हजार रूपैयांसम्म जरीवाना वा छ महीनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

२५. समिति वा समितिहरूको गठन:- दफा २४ को प्रयोजनका निमित्त श्री ५ को सरकारले समय समयमा आवश्यकता अनुसार समिति वा समितिहरू गठन गर्न सक्नेछ।

२६. प्रेस प्रतिनिधिसम्बन्धी व्यवस्था:- (१) कुनै विदेशी वा नेपाली समाचारपत्र वा पत्रिका वा रेडियो वा टेलिभिजन वा फिचर समिति वा समाचार समितिको प्रतिनिधि भई वा फ्रिल्यान्स पत्रकारको रूपमा नेपाल अधिराज्यभित्र काम गर्न चाहने विदेशी वा नेपाली नागरिकले श्री ५ को सरकारबाट प्रमाणपत्र लिएर मात्र काम गर्न पाउनेछ ।

तर, विदेशी मित्र राष्ट्रका राष्ट्राध्यक्ष वा शासनाध्यक्ष वा अन्य उच्चस्तरीय प्रतिनिधिमण्डल नेपाल भ्रमणमा आउँदा त्यस भ्रमणको साथमा आउने पत्रकारहरूलाई यस्तो प्रमाणपत्र लिन नपर्ने गरी श्री ५ को सरकारले छूट दिन सक्नेछ ।

(२) उप-दफा (१) बमोजिमको प्रमाणपत्र दिंदा श्री ५ को सरकारले प्रेस काउन्सीलको सिफारिशमा मात्र दिन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) तत्काल प्रचलित नेपाल कानून बमोजिम प्रमाणपत्र प्राप्त गरेको उप-दफा (१) बमोजिमका प्रतिनिधिले यो ऐन प्रारम्भ भएको पैंतीस दिनभित्र यस ऐन बमोजिम प्रमाणपत्र प्राप्त गर्नु पर्नेछ।

(४) श्री ५ को सरकारले समय र अवस्था हेरी तोकेको अवस्थामा यस दफाबमोजिम प्रमाणपत्र पाउने व्यक्तिहरूका सम्बन्धमा पनि निजहरूले आफ्नो समाचार, वा टिप्पणी पठाउनुअघि दफा २४ मा छापाखानाधनी र प्रकाशकहरूका सम्बन्धमा गरिएको व्यवस्था लागू हुनेछ ।

(५) उप-दफा (१) वा (३) बमोजिम प्रमाणपत्र प्राप्त नगरी त्यस्तो कुनै प्रतिनिधिले काम गरेमा वा उप-दफा (४) उल्लंघन गरेमा श्री ५ को सरकारले बढीमा छ हजार रूपैयाँसम्म जरीवाना वा छ महीनासम्म कैद वा दुवै र विदेशी नागरिक भए देशबाट निष्काशन समेत गर्न सक्नेछ ।

(६) उप-दफा (१) र (३) बमोजिमको प्रमाणपत्रको प्राप्ति, निलम्बन र खारेजी तोकिए बमोजिम हुनेछ ।

२७. प्रेस काउन्सीलको गठनः- (१) श्री ५ को सरकारले समय समयमा आवश्यकता अनुसार अन्यथा गठन गरेमा बाहेक प्रेस काउन्सीलको गठन देहाय बमोजिम गर्नेछः-

(क) सर्वोच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेको वा बहालवाला वा अवकाश प्राप्त न्यायाधीशमध्येबाट श्री ५ को सरकारद्वारा मनोनीत एक जना-- अध्यक्ष

(ख) श्री ५ को सरकारद्वारा मनोनीत गाउँ फर्क केन्द्रीय समितिको सदस्य वा सदस्य-सचिवमध्ये एक जना-- सदस्य

(ग) श्री ५ को सरकारले मनोनीत गरेको राष्ट्रिय पञ्चायतको एक जना सदस्य--- सदस्य

(घ) श्री ५ को सरकारको संचार सचिव वा सूचना विभागका निर्देशकमध्ये एक जना-- सदस्य-सचिव

(ङ) गोरखापत्र र राइजिंग नेपालका सम्पादकहरूमध्ये श्री ५ को सरकारद्वारा मनोनीत एक जना-- सदस्य

(च) राष्ट्रिय समाचार समितिका महाप्रबन्धक-- सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) पत्रकार संघको अध्यक्ष वा निज नभएको अवस्थामा पत्रकारहरूबाट श्री ५ को सरकारले मनोनीत गरेको एक जना— सदस्य

(ज) श्री ५ को सरकारले मनोनीत गरेका अन्य दुइ जना – सदस्य

(२) उप-दफा (१) बमोजिम गठन भएको प्रेस काउन्सीलको अध्यक्ष एवं सदस्यहरूको कार्यावधि बढीमा दुई वर्षको हुनेछ।

(३) प्रेस काउन्सीलको अध्यक्षले श्री ५ को सरकारको समक्ष र अन्य सदस्यले अध्यक्षको समक्ष राजिनामा पेश गरी प्रेस काउन्सीलको सदस्यता परित्याग गर्न सक्नेछ। त्यसरी पदत्याग गरी वा अरू कुनै तरहले रिक्त हुन आएको पदको पूर्ति सो पदमा नियुक्त हुन अपनाइने कार्यविधिद्वारा सो पदको बांकी अवधिको लागि मात्र हुनेछ।

(४) प्रेस काउन्सीलको अध्यक्ष वा सदस्य-सचिवको अनुपस्थितिमा श्री ५ को सरकारले प्रेस काउन्सीलको सदस्यहरूमध्येबाट कुनै सदस्यलाई अध्यक्ष वा सदस्य-सचिव भै काम गर्न तोक्न सक्नेछ।

(५) उप-दफा (१) बमोजिम कुनै सदस्यको नियुक्ति वा मनोनयन नभएको कारणले वा कुनै सदस्यको सदस्यता रिक्त हुन आएको कारणले वा कुनै सदस्य प्रेस काउन्सीलको बैठकमा भाग लिन असमर्थ भएको वा भाग नलिएको कारणले मात्र प्रेस काउन्सीलको गठन र काम कारवाइमा कुनै त्रुटि भएको मानिने छैन।

(६) यो ऐन प्रारम्भ हुंदा तत्काल प्रचलित नेपाल कानून बमोजिम गठन भएको प्रेस काउन्सील खारेज भएको मानिने छ।

२८. प्रेस काउन्सीलको काम, कर्तव्य र अधिकारः– प्रेस काउन्सीलको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) राष्ट्रिय दृष्टिकोण एवं राष्ट्रिय हितलाई ध्यानमा राखी देश, नरेश र दलविहीन पञ्चायत व्यवस्थाप्रति पूर्ण आस्थावान् हुने पत्रकारिताको विकासको लागि वातावरणको सृजना गर्ने,

(ख) समाचार पत्र-पत्रिका र श्री ५ को सरकारको बीचको सम्बन्ध सौहार्दपूर्ण र सहयोगात्मक बनाउने,

(ग) स्वस्थ एवं स्वच्छ पत्रकारिताको विकास गरी समाचार पत्र-पत्रिकालाई हुर्काउन आवश्यक स्वस्थ वातावरणको सृजना गर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) स्वच्छ र स्वस्थ समाचार पत्र-पत्रिकाको विकासको लागि आवश्यक सुझाव तयार गरी श्री ५ को सरकारमा प्रस्तुत गर्ने,

(ङ) समाचार पत्र-पत्रिकाको विषयमा कुनै नियम वा नीतिमा परिवर्तन गर्नु परेमा श्री ५ को सरकारलाई सुझाव एवं सल्लाह प्रस्तुत गर्ने,

(च) पत्रकारिता एवं पत्रकारवर्गको हितमा संचालन गरिने कुनै पनि कार्यक्रममा मागेको राय सल्लाह एवं सुझावको रूपमा मसौदा तयार पारी श्री ५ को सरकारमा प्रस्तुत गर्ने,

(छ) समाचार पत्र-पत्रिकाको स्तर, आकार, प्रकार आदि विषयमा श्री ५ को सरकारलाई सुझाव प्रस्तुत गर्ने,

(ज) श्री ५ को सरकारलाई प्राप्त हुने पत्रकारिताको छात्रवृत्तिमा अध्ययन गर्न पठाइने उम्मेदवारहरूको योग्यता तोक्ने विषयमा श्री ५ को सरकारलाई सुझाव दिने,

(झ) प्रचलित समाचार पत्र-पत्रिकाको गतिविधि एवं वस्तुस्थिति बारे अध्ययन र मूल्यांकन गरी समय समयमा श्री ५ को सरकारलाई रायसहित सुझाव पेश गर्ने,

(ञ) दफा २६ बमोजिमको प्रतिनिधिलाई प्रमाणपत्र दिने वा नदिने कुराको सिफारिश गर्ने, र

(ट) छापाखाना र प्रकाशन आचार संहिता जारी गर्ने ।

तर, त्यस्तो आचार संहिता श्री ५ को सरकारले स्वीकृति दिएपछि मात्र लागू हुनेछ ।

२९. श्री ५ को सरकारले समाचार पत्र-पत्रिकालाई सहूलियत दिने:- राष्ट्रिय दृष्टिकोण एवं राष्ट्रिय हितलाई ध्यानमा राखी देश, नरेश र पञ्चायत व्यवस्थाप्रति पूर्ण आस्थावान् रही स्वस्थ पत्रकारिताको विकासमा योगदान दिने नेपाल अधिराज्यका समाचार पत्र-पत्रिकाको विकासको निमित्त श्री ५ को सरकारले आर्थिक तथा अन्य सहूलियत दिन वा उपलब्ध गराई दिन सक्नेछ ।

३०. असल नियतले गरेको कामको बचाउ:- कसैले यस ऐन अन्तर्गतको अधिकारको प्रयोगमा असल नियतले गरेको वा गर्न खोजेको काममा निज उपर कुनै अदालतमा मुद्दा वा कानूनी कारवाई चलाउन सकिने छैन ।

३१. अरू प्रचलित नेपाल कानून बमोजिम मुद्दा चलाउन सकिने:- कसैले यस ऐन बमोजिम कुनै गर्नु पर्ने काम नगरेमा वा गर्न नहुने काम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५६०

गरेमा निजउपर अरू प्रचलित नेपाल कानूनबमोजिम नालिस उजूर गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

३२. श्री ५ को सरकारले अधिकार सुम्पन सक्नेः– श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस ऐन अन्तर्गत आफूले पाएको कुनै वा सबै अधिकार कुनै पदाधिकारीले प्रयोग गर्न पाउने गरी सुम्पन सक्नेछ।

३३. नियम बनाउने अधिकारः– (१) यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ। त्यस्तो नियम राजपत्रमा सूचना प्रकाशित गरी लागू गरिनेछ।

(२) उप-दफा (१) अन्तर्गत बनेका नियमका कुनै कुरा उल्लंघन गर्ने व्यक्तिलाई त्यस्ता प्रत्येक उल्लंघन बापत श्री ५ को सरकार वा स्थानीय पदाधिकारीले एक सय रूपैयांदेखि बढीमा पांच हजार रूपैयांसम्म जरीवाना गर्न सक्नेछ।

३४. बाधा अडकाउ फुकाउने अधिकारः– यो ऐनको उद्देश्य परिपूर्ति तथा कार्यान्वयन गर्दा परेको बाधा अडकाउ फुकाउन श्री ५ को सरकारले नेपाल राजपत्रमा प्रकाशित गरी आदेश जारी गर्न सक्नेछ।

३५. खारेजीः– छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०१९ र सो ऐनमा समय समयमा भएका संशोधनहरू खारेज गरिएको छ।

लालमोहर सदर मितिः– २०३२।५।२।२

आज्ञाले–
चूडामणिराजसिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

१५०

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।